# राजस्व परामर्श समितिको प्रतिवेदन २०७८

## क) पृष्ठभुमी

नेपालको संविधानको धारा ५६ अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था छ । सोही व्यवस्था बमोजिम नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयानुसार साविकका गा.वि.स.हरु रुरु, ग्वादी, थानपति, बलेटक्सार, बम्घा र रिमुवा समावेश गरी रुरुक्षेत्र गाउँपालिका घोषण गरिएको छ । रुरुक्षेत्र गाउँपालिका साविकका स्थानीय निकायहरु समावेश गरी निर्मित स्थानीय तह हो । स्थानीय तह तीन तहको सरकार मध्ये तल्लो र जनताको नजिकको सरकार हो । सन्निकटताको सिद्धान्तमा आधारित लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्ने माध्यम हो । स्थानीय तहको अधिकार अनुसूचि ८ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग नेपालको संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुने, नेपालको स्थानीय तहले आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने संवैधानिक व्यवस्था रहेको छ । नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह बिचको सहकारिता,सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढिकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको रुपमा हाम्रो गाउँपालिका क्रियाशील रहेको छ । नेपालको संविधान बमोजिम तर्जुमा भएको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति र सो समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । सो ऐनमा व्यवस्था गरिएको काम, कर्तव्य र अधिकारको पालना गर्दै कार्यपालिकालाई आगामी आ.व.को राजश्व सम्बन्धी नीतिको तर्जुमा गर्न, राजश्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्न, कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धी परामर्श उपलब्ध गराउने सन्दर्भमा यस प्रतिवेदन तयार गरिएको छ ।

रुरुक्षेत्र गाउँपालिका पहाडी ग्रामीण क्षेत्रमा अवस्थित भएको र अधिकांश नागरिकहरु कृषिमा आश्रित भएको तथा उद्योग तथा कलकारखानाहरु कम भएका कारण प्रयाप्त राजस्व असुली हुने अवस्था नभएको भएतापनि संभाव्य क्षेत्रहरुको खोजि गरी राजस्व संकलनमा वृद्धि गर्ने गरी मिति २०७८ साल जेष्ठ ११ गतेका दिन वसेको राजस्व परामर्श समितिको निर्णय अनुसार यो प्रतिवेदन पेश गरिएको छ ।

### ख) राजस्वको मौजुदा अवस्थाको विश्लेषण

यस गाउँपालिकामा हाल सम्म विभिन्न पसल व्यवसायहरु संचालन भएको भएतापनि घरेलु तथा साना उद्योग विकास समिति र आन्तरिक राजस्व कार्यालयमा दर्ता रहेका र स्थानीय तहमा आवद्ध नभएका व्यवसायहरुलाई समेत आबद्ध बनाउनको लागि व्यवसाय दर्ता नविकरण शिविर पायक पर्ने गरी गाउँपालिका भित्रका विभिन्न ३ वटा स्थानहरुमा सञ्चालन गरिएको हुँदा राजश्वमा उल्लेख्य वृद्धि भएको छ । कोभिड-१९ को कारण कुनै पनि मेला महोत्सव, जात्राहरु आयोजना हुन नसकेको कारण सो शिर्षकमा कुनै पनि राजश्व संकलन हुन सकेन । कतिपय पहिचान हुन नसकेका राजश्वका क्षेत्रहरुबाट समेत आम्दानी भएको छ । जिल्ला प्रशासन कार्यालयले केहि समय उत्खननमा रोक लगाएको र वातावरणीय प्रभाव मूल्यांकन गर्दा केहि समय उत्खननमा ढिलाई हुँदा गाउँपालिकाको महत्वपूर्ण आम्दानीको श्रोत ढुङ्गा, गिट्टी बालुवा वापतको रोयल्टी अपेक्षित रुपमा संकलन हुन सकेन ।

### ग) राजस्व नीतिहरु

आ.व. २०७८/०७९ का लागि राजश्व प्रशासन तर्फ निम्नानुसारका नीति तथा कार्यक्रमहरुको अवलम्बन गर्ने :

- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकारको प्रयोग गर्दै गाउँपालिकालाई आर्थिक रुपमा समृद्ध एवम्आत्मनिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले करका दरहरु निर्धारण गर्ने ।
- गाउँपालिका भित्र ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरुलाई करको दायरामा ल्याइनेछ । साथै यस गाउँपालिका अन्तर्गत संचालित हाइड्रोपावर कम्पनीहरुले उपयोग गर्ने नदीजन्य तथा अन्य प्राकृतिक स्रोत सामाग्रीहरुको उपयोग गरे बापतको कर गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दरमा असुली गर्नको लागि आवश्यक पहल गर्ने ।
- विश्वव्यापी रुपमा फैलिएको नोवेल कोरोना भाइरस (कोभिड-१९) बाट सृजित वर्तमान अवस्थालाई ध्यानमा राखी गाउँपालिकाले उठाउने आन्तरिक राजश्व स्रोत तर्फ कर, सेवा शुल्क, दस्तुरका दररेट यथावत कायम गरी सबै करदातालाई समेटी करको दायरा बिस्तार गर्ने ।
- विश्वव्यापी रुपमा फैलिएको नोवेल कोरोना भाइरस ( कोभिड १९) का कारण लामो समयसम्म लकडाउन भई पर्यटन व्यवसाय तथा अन्य व्यापार व्यवसायहरु संचालन नभएकोले सम्पूर्ण व्यवसायहरुको आ.व. २०७७/०७८ को बक्यौता रकममा लाग्ने जरिवाना रकममा पूर्ण छुट दिने ।
- गाउँपालिका अन्तर्गत करदाताहरुलाई प्रोत्साहन गर्ने वातावरणका साथ सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने । समयमा कर नतिर्नेलाई थप जरिवाना गर्दै लामो समय कर नतिरी अटेर गर्नेलाई गाउँपालिकाले दिने सबै सेवा सुविधा रोक्का गर्ने ।

- राजश्व प्रशासनको प्रभावकारिताको लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गर्ने । आन्तरिक नियन्त्रण प्रणालीलाई थप सशक्त र प्रभावकारी बनाउने ।
- सबै किसिमका पेशा व्यवसाय संचालनको दर्ता, नविकरण गर्ने कार्यलाई छिटो, छरितो, सरल, पारदर्शी र करदाता मैत्री बनाउने ।
- सार्वजनिक जग्गाको संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि बनाई सार्वजनिक जग्गामा संचालित सबै किसिमका व्यवसायलाई करको दायरामा ल्याउने ।
- कर संकलनलाई थप प्रभावकारी बनाई प्रक्षेपण गरिएको राजश्व यथा समयमा संकलन गर्न वडा समिति र टोल विकास संस्थाहरुलाई परिचालन गर्ने ।
- अस्थायी प्रकृतिका हाटबजार तथा मुख्य बजार भित्रको पार्किङ शुल्कलाई उचित व्यवस्थापन गर्न स्थानीय क्लब, टोल विकास संस्था लगायतका संघ संस्थाहरुसँग सहकार्य गर्ने ।
- “रुरुक्षेत्र समृद्धिको लागि नियमित तिरौं कर : तिरेको कर विकास मार्फत फर्किन्छ घर घर” मान्यताकासाथ प्रत्येक वर्ष सबै वडामा करदाता शिक्षा कार्यक्रम तथा घुम्ती कर संकलन सप्ताह अभियानका रुपमा संचालन गर्ने ।
- स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भए बमोजिम आगामी आ.व.हरुमा गाउँपालिकालाई सम्पत्ति कर प्रणालीमा आवद्ध गराइने छ । कर प्रणालीलाई व्यवस्थित गर्न आवश्यक र उपयुक्त प्रविधिको प्रयोग गरी सूचना प्रविधि मैत्री बनाउने ।

### घ) करका आधारहरु

स्थानीय कर अधिकार सम्बन्धी व्यवस्थाहरु नै स्थानीय करका आधारहरु हुन् । स्थानीय करका सम्बन्धमा नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मा विभिन्न व्यवस्थाहरु गरिएका छन् । ती व्यवस्थाहरु देहायानुसार छन्:

### क. संवैधानिक व्यवस्था

✓ आर्थिक अधिकार बमोजिम स्थानीय तहले आफ्नो क्षेत्राधिकारका विषयमा आर्थिक कानून बनाउन सक्ने, धारा ५९

✓ कानून बमोजिम बाहेक स्थानीय तहले कर लगाउन र उठाउन नपाउने, धारा २२८

✓ स्थानीय तहले छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी कर लगाउनुपर्ने, धारा २२८

✓ स्थानीय तहले अनुसूची ८ को ४ नं. बुँदा बमोजिम देहायको कर लगाउने अधिकार हुने :

- सम्पत्ति कर
- घर बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क दस्तुर

- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमिकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर
- मालपोत संकलन ।

**ख. कानूनी व्यवस्था**

**(१) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

- ➢ स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची ३ मा उल्लिखित कर तथा गैर कर लगाउन र उठाउन सक्ने, दफा ३
- ➢ अनुसूचि-३ बमोजिम कर तथा गैर कर देहाय बमोजिम हुने :

**(क) कर**

- सम्पत्ति कर
  - घर बहाल कर
  - घर जग्गा रजिष्ट्रेशन शुल्क
  - सवारी साधन कर
  - भूमि कर
  - मनोरञ्जन कर
  - विज्ञापन कर
  - व्यवसाय कर

**(ख) गैर कर**

- सेवा शुल्क दस्तुर
  - पर्यटन शुल्क
  - दण्ड जरिवाना

**(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

- ➢ कानून बमोजिम बाहेक गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र कुनै कर लगाउन, उठाउन नपाउने, दफा ५४

**गाउँपालिका देहायका करहरु लगाउन पाउने व्यवस्था रहेको छ :**

- सम्पत्ति कर, दफा ५५
- भूमिकर (मालपोत), दफा ५६

- घर जग्गा बहाल कर, दफा ५७
- व्यवसाय कर, दफा ५८
- बहाल बिटौरी शुल्क, दफा ५९
- पार्किङ्ग शुल्क, दफा ६०
- जडीबुटी, कवाडी र जीवजन्तु कर, दफा ६१
- सेवा शुल्क, दफा ६२

- ➢ प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्र भित्रका कर निर्धारण, संकलन तथा बाँडफाँट देहायानुसार रहेको छ, (दफा ६४)
- ➢ सवारी साधन करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने, तर गाउँपालिका वा नगरपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र ई-रिक्साको सवारी करको दर निर्धारण तथा संकलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्नेछ,
- ➢ घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र सोको संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
- ➢ विज्ञापन करको दर निर्धारण र संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
- ➢ मनोरञ्जन करको दर र संकलन गर्ने तरिका प्रदेशले निर्धारण गर्ने र सोको संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
- ➢ पदयात्रा तथा पर्यटन शुल्कको दर प्रदेशले निर्धारण र संकलन गर्ने,
- ➢ उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, सङ्ग्राहलय जस्ता सम्पदा उपयोगको प्रवेश शुल्क गाउँपालिका वा नगरपालिकाले निर्धारण र संकलन गर्ने,
- ➢ ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले संकलन गर्ने ।

**ङ) आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैर कर राजस्व दर**

हाल विश्वभर फैलिरहेको कोभिड -१९ को दोस्रो संस्करणका कारण हाम्रो गाउँपालिका समेत प्रत्यक्ष प्रभावित रहेको तथा जिल्ला प्रशासन गुल्मीबाट लकडाउन भइरहेको कारण चालू आ.ब.मा रहेका राजश्वका शिर्षकहरुको कर रकममा कुनै फेरबदल गरिएको छैन भने केहि शिर्षकहरु समेत थपि तपसिल बमोजिमका राजश्वका दरहरु निर्धारण गर्न प्रस्ताव गर्ने निर्णय गरियो ।

**तपसिल :**

भूमि कर (मालपोत)

| क्र.सं. | जग्गाको क्षेत्रफल (रोपनीमा) | कर, दस्तुर (रकम रु.मा) |
|---|---|---|
| १. | ५ रोपनी सम्म | १५ |
| २. | ५ रोपनी देखि १० रोपनी सम्म | थप २० |
| ३. | १० रोपनी माथी | प्रति रोपनी रु.५ थप |

## व्यवसाय कर

| क.स. | विवरण | एकाई | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|---|
| १ | दैनिक उपभोगका खाद्य पदार्थ तथा किराना खुद्रा पसल | प्रति पसल | ७५० | ५०० |
| २ | जनरल स्टोर्स, सपिङ्ग सेन्टर | | ३००० | २००० |
| ३ | थोक किराना तथा गल्ला पसल | ,, | ४५०० | ३००० |
| ४ | लुगा सिलाउने पसल | ,, | ७५० | ५०० |
| ५ | कपडा पसल सहित लुगा सिलाउने पसल | ,, | ३००० | २००० |
| ६ | कपाल काट्ने सैलुन | ,, | १५०० | १००० |
| ७ | पान पसल | ,, | ७५० | ५०० |
| ९ | फोटो स्टुडियो | ,, | १५०० | १००० |
| १० | माटोको भाँडा पसल | ,, | ७५० | ५०० |
| ११ | भाँडा पसल (फलाम, तामा, स्टील, आदी धातुका भाँडा वेच्ने) | ,, | २२५० | १५०० |
| १२ | डेकोर सेन्टर/फर्निसिङ | ,, | २२५० | १५०० |
| १३ | मेशिनको पार्ट पूर्जा वेच्ने पसल/वर्क्ससप | ,, | ४५०० | ३००० |
| १४ | हार्डवेयर पसल | ,, | ४५०० | ३००० |
| १५ | मूर्ति /उपहार पसल | ,, | ७५० | ५०० |
| १६ | विजुलीको सामान बेच्ने पसल | ,, | २२५० | १५०० |
| १७ | टेलिभिजन तथा कम्प्युटर मर्मत गर्ने पसल | | २२५० | १५०० |

| | | | | |
|---|---|---|---|---|
| १८ | टेलिभिजन, कम्प्यूटर, मोबाइल विक्री गर्ने पसल | ,, | ३००० | २००० |
| १९ | टि.भी., कम्प्युटर, मोबाइल मर्मत सहित विक्री गर्ने पसल | | ४५०० | ३००० |
| २० | चार पाङ्ग्रे सवारी साधनको बिक्रि तथा मर्मत | | १५००० | १०००० |
| २१ | मोटरसाइकल तथा अटो रिक्सा विक्री तथा मर्मत | | ७५०० | ५००० |
| २२ | साइकल विक्री तथा मर्मत | | १५०० | १००० |
| २३ | गर गहना बनाउने र बेच्ने पसल | ,, | ४५०० | ३००० |
| २४ | स्टेशनरी /पुस्तक पसल | ,, | १५०० | १००० |
| २५ | पेट्रोलपम्प | ,, | ४५०० | ३००० |
| २६ | ग्याँस विक्रेता | ,, | ४५०० | ३००० |
| २७ | आइसक्रिम वेच्ने पसल | ,, | ७५० | ५०० |
| २८ | फलफूल/तरकारी पसल | ,, | ७५० | ५०० |
| २९ | मिठाई वेच्ने पसल | ,, | १५०० | १००० |
| ३० | माछा पसल | ,, | १५०० | १००० |
| ३१ | फ्रेस हाउस (कुखुरा मात्र) | | २२५० | १५०० |
| ३२ | मासु पसल (खसी बोका तथा कुखुरा) | ,, | ३००० | २००० |
| ३३ | इजाजत प्राप्त मदिरा पसल (थोक) | प्रति पसल | ११२५० | ७५०० |
| ३४ | इजाजत प्राप्त मदिरा पसल (खुद्रा) | | ७५०० | ५००० |
| ३५ | कविराज/ चिकित्सा सेवा | ,, | ७५० | ५०० |
| ३६ | ल्याव | ,, | ३००० | २००० |
| ३७ | डेन्टल | ,, | ३००० | २००० |

| | | | | |
|---|---|---|---|---|
| ३८ | औषधी पसल / मेडिकल हल | ,, | ३००० | २००० |
| ३९ | अस्पताल | ,, | ४५०० | ३००० |
| ४० | चिया नास्ता पसल | ,, | ७५० | ५०० |
| ४१ | रेष्टुरेन्ट एण्ड बार | | ३००० | २००० |
| ४२ | साधारण होटेल | ,, | २२५० | १५०० |
| ४३ | गेष्ट हाउस, लज | | ३७५० | २५०० |
| ४४ | पार्टिप्यालेस | ,, | ४५०० | ३००० |
| ४५ | होस्टेल | ,, | १५०० | १००० |
| ४६ | टेन्ट/क्याटेरिङ्ग | ,, | ३००० | २००० |
| ४७ | दुध डेरी | प्रति पसल | १५०० | १००० |
| ४८ | छापाखाना | ,, | १५०० | १००० |
| ४९ | गिफ्ट शप | ,, | ७५० | ५०० |
| ५० | जुत्ता पसल | प्रति पसल | १५०० | १००० |
| ५१ | कस्मेटिक समान बेच्ने पसल | ,, | १५०० | १००० |
| ५२ | ब्यूटी पार्लर | प्रति पसल | २२५० | १५०० |
| ५३ | कपडा पसल | ,, | २२५० | १५०० |
| ५४ | फेन्सी पसल | ,, | ३००० | २००० |
| ५५ | गोदाममा सामान राखी बेच्ने (घुम्ती व्यापारी) (वार्षिक) | ,, | ४५०० | ३००० |
| | गोदाममा सामान राखी बेच्ने (घुम्ती व्यापारी) (चौमासिक) | ,, | १५०० | १००० |
| ५६ | निर्माण व्यवसायी /कन्स्ट्रक्सन कम्पनी | प्रति संख्या | ७५०० | ५००० |
| | केवुल नेटवर्किङ्ग | ,, | | |

| | | | | |
|---|---|---|---|---|
| ५७ | क) १५० सम्म ग्राहक भएका<br>ख) १५० भन्दा माथी ग्राहक भएका | ,, | ४५००<br>७५०० | ३०००<br>५००० |
| ५८ | टेलिभिजन केवल | ,, | | |
| | क) १५० सम्म ग्राहक भएका<br>ख) १५० भन्दा माथी ग्राहक भएका | ,, | ३०००<br>६००० | २०००<br>४००० |
| ५९ | इन्टरनेट सर्भिस प्रोभाइडर | ,, | | |
| | क) १५० सम्म ग्राहक भएका<br>ख) १५० भन्दा माथी ग्राहक भएका | ,, | ३०००<br>६००० | २०००<br>४००० |
| ६० | बैङ्क | ,, | | |
| | क वर्ग | | ११२५० | ७५०० |
| | ख वर्ग | | ७५०० | ५००० |
| | ग वर्ग | | ६००० | ४००० |
| | घ वर्ग | | ४५०० | ३००० |
| ६१ | सहकारी संस्था | ,, | ७५० | |
| ६२ | मनि चेन्जर/रेमिट्यान्स | प्रतिकेन्द्र | ३००० | २००० |
| ६३ | एफ.एम. रेडियो | ,, | ४५०० | ३००० |
| ६४ | विमा एजेन्ट | ,, | १५०० | १००० |
| ६५ | चल्ला वेच्ने फर्म | ,, | ३००० | २००० |
| ६६ | कोचिङ सेन्टर | ,, | ३००० | २००० |
| ६७ | कम्प्यूटर इन्स्टीच्यूट | ,, | ३००० | २००० |
| ६८ | व्यवसायीक तालिम /सिलाइ कटाई तालिम | ,, | १५०० | १००० |
| ६९ | फोटोकपी पसल | ,, | ७५० | ५०० |
| ७० | सिसा /प्लाइउड पसल | ,, | १५०० | १००० |

| | | | | |
|---|---|---|---|---|
| ७१ | साइनवोर्ड /पेन्टिङ्ग पसल | ,, | १५०० | १००० |
| ७२ | सोलार / सौर्य उर्जा | ,, | ३००० | २००० |
| ७३ | कुरियर सेवा | ,, | ७५० | ५०० |
| ७४ | टयाङ्कर व्यवसाय | ,, | ३००० | २००० |
| ७५ | घरेलु तथा कृषि उद्योग , पशु, कृषि, घरेलु पोल्ट्री फर्म, गाई फर्म | ,, | ७५० | ५०० |
| ७६ | एग्रोभेट / बिउविजन विक्रि गर्ने पसल | ,, | ७५० | ५०० |
| ७७ | घडि, रेडियो मर्मत तथा विक्री पसल | ,, | ७५० | ५०० |
| ७८ | टि.भी, कम्प्युटर मोबाईल विक्रि | | ३००० | २००० |
| ७९ | टि.भी., कम्प्यूट, मोवाईल मर्मत | ,, | १५०० | १००० |
| ८० | टि.भी., कम्प्युटर, मोबाइल मर्मत सहित विक्री सेवा | | ५००० | ३००० |
| ८१ | उद्योग वाणिज्य संघ, व्यापार संघ, होटल व्यवसायी संघ, गैर सरकारी संस्था लगायतका संघ संस्था | ,, | ७५० | ५०० |
| ८२ | नदीमा माछा छोपी व्यवसाय गर्ने अनुमति प्राप्त व्यवसायी | ,, | ३००० | २००० |
| ८३ | तीन पाङग्रे अटो रिक्सा | ,, | ७५० | ५०० |
| ८४ | होम स्टे | प्रति पसल | निशुल्क | १५०० |
| ८५ | निजी व्यक्तिहरुको घर वा जग्गामा राख्ने टेलिकम टावर | प्रति टावर | ७,५००/ | ५,०००/ |
| ८६ | कबाडी /स्क्राब पसल | प्रति पसल | ३७५० | २५०० |
| ८७ | ड्राइक्लिन सेवा | ,, | १५०० | १००० |
| ८८ | कृषि उपज संकलन | ,, | ७५० | ५०० |
| ८९ | रिकन्डीसन पसल (पुराना सवारी | ,, | ३००० | २००० |

| | | | | |
|---|---|---|---|---|
| | साधन बेच्ने) | | | |
| ९० | चटपटे पसल | ,, | ७५० | ५०० |
| ९१ | पूजा सामाग्री बिक्री गर्ने पसल | ,, | १५०० | १००० |
| ९२ | ज्योतिश परामर्श सेवा | ,, | १५०० | १००० |
| ९३ | भिडियोग्राफी सेवा | ,, | २२५० | १५०० |
| ९४ | फ्ल्याक्स प्रिन्ट /कलर ल्याब | ,, | २२५० | १५०० |
| ९५ | विशेषज्ञ सहितको मेडिकल सेवा | ,, | ४५०० | ३००० |
| ९६ | इन्जीनियरिङ्ग कन्सल्टेन्सी | ,, | १५०० | १००० |
| ९७ | पेन्ट पसल | ,, | ३००० | २००० |
| ९८ | टायल्स, मार्वल तथा सेनेटरी | ,, | ४५०० | ३००० |
| ९९ | स्टिकर हाउस | ,, | १५०० | १००० |
| १०० | दाना बेच्ने पसल खुद्रा | ,, | १५०० | १००० |
| १०१ | दाना बेच्ने पसल थोक | ,, | ३००० | २००० |
| १०२ | ड्राइभिङ इन्सिच्युट | ,, | ४५०० | ३००० |
| १०३ | अडिट फर्म | ,, | ३००० | २००० |
| १०४ | ल फर्म/कन्सलटेन्सी/परामर्श सेवा | ,, | ३००० | २००० |
| १०५ | 'घ' वर्गको निर्माण व्यवसायी | प्रति फर्म | ३०,००० | २०,००० |
| १०६ | खानेपानी मूल दर्ता तथा सरसफाई समिति | प्रति समिति | १००० | ६०० |
| १०७ | सामुदायिक वन दर्ता | प्रति समिति | १००० | ६०० |
| १०८ | सूर्तिजन्य पदार्थको बिक्री | प्रति पसल | २२५० | १५०० |
| १०९ | चश्मा पसल | ,, | १५०० | १००० |
| ११० | चश्मा पसल (विशेषज्ञ सेवा सहित) | ,, | ३००० | २००० |

| | | | | |
|---|---|---|---|---|
| १११ | फलफूल, घाँस तथा नर्सरी सेवा | | ७५० | ५०० |

## उद्योग व्यवसाय

| सि.नं. | विवरण | दर्ता शुल्क | नविकरण |
|---|---|---|---|
| १ | इटा टायल उद्योग | ४५०० | ३००० |
| २ | होजियरी उद्योग | १५०० | १००० |
| ३ | कुटानी, पिसानी, पेलानी मिल आदी | १५०० | १००० |
| ४ | कुटानी, पिसानी, मिल आदी | ७५० | ५०० |
| ५ | आल्मूनियम उद्योग, ग्रील उद्योग | ४५०० | ३००० |
| ६ | स्टिल फर्निचर उद्योग एवं विक्रेता | ४५०० | ३००० |
| ७ | फर्निचर तथा काष्ठ उद्योग | ४५०० | ३००० |
| ८ | सिरक डसेना उद्योग | ७५०० | ५००० |
| ९ | जुस/अचार उद्योग | १२,००० | ८००० |
| १० | बेकरी उद्योग | ३००० | २००० |
| ११ | ढुङ्गा, गिट्टी, वालुवा डम्पिङ्ग गर्ने व्यक्ति वा फर्म | १२००० | ८००० |
| १२ | क्रसर उद्योग | ३०,००० | २०,००० |
| १३ | आरन उद्योग | ७५० | ५०० |
| १४ | चाउमिन उद्योग | ३००० | २००० |
| १५ | जलविद्युत उद्योग (प्रति उद्योग) | ३०,००० | २०,००० |

| | | | |
|---|---|---|---|
| १६ | सोलार मार्फत् विद्युत उत्पादन गर्ने उद्योग (प्रति उद्योग) | १५,००० | १०,००० |
| १७ | मादल उद्योग | ७५० | ५०० |
| १८ | परालका चप्पल बनाउने उद्योग | ७५० | ५०० |

**संस्थागत विद्यालय तर्फ**

| क्र.सं. | संस्थागत विद्यालयको कक्षा संचालन | दस्तुर रु. |
|---|---|---|
| १. | ५ कक्षा सम्म संचालन | ३,००० |
| २. | ८ कक्षा सम्म संचालन | ५,००० |
| ३. | १० कक्षा सम्म संचालन | ७,००० |
| ४. | १२ कक्षा सम्म संचालन | १०,००० |

**डोजर सूचीकृत**

| सि.नं. | विवरण | सूचिकृत दस्तुर रु. |
|---|---|---|
| १. | १०० हर्ष पावर भन्दा तल | १०००० |
| २. | १०० हर्ष पावर भन्दा माथी | २०००० |

पुनश्चः डोजर दर्ता प्रत्येक आ.व.को आश्विन मसान्त भित्र गराइसक्नु पर्नेछ । यदी तोकिएको समयमा दर्ता नगरी विलम्व गरेमा पौष मसान्त सम्मको लागि १०० हर्ष पावर भन्दा तलको क्षमतालाई थप रु.५,०००।– र त्यस अवधी पार गरी दर्ता गर्न आएमा थप रु. १०,०००।– वुझाई दर्ता गर्नुपर्ने छ । त्यसै गरि १०० हर्ष पावर भन्दा माथीको क्षमता भएको डोजरको हकमा विलम्व गरेको पौष मसान्त सम्मको लागि थप रु.७,५००।– र त्यस अवधी पार गरि दर्ता गर्न आएमा थप रु.१५,०००।– वुझाउनु पर्नेछ । नयाँ थप खरिद भएका डोजरहरु खरिद भएको मितिले १ महिना भित्र निर्धारित शुल्क तिरी सूचीकृत हुनुपर्नेछ । अन्यथा माथि उल्लेख गरिए अनुसार विलम्व शुल्क लाग्नेछ ।

## सेवा शुल्क, दस्तुर

| क्र.सं. | विवरण | दस्तुर रु. |
|---|---|---|
| १ | नक्कल उतार प्रतिलिपि प्रतिपाना | ५० |
| २ | नागरिकता सिफारिस दस्तुर | १०० |
| ३ | अंगिकृत नागरिकता सिफारिस दस्तुर | ३०० |
| ४ | नाता प्रमाणित नेपालीमा | १०० |
| ५ | घर बाटो सिफारिस | २५० |
| ६ | सजंमिन मुचुल्का | २०० |
| ७ | चारकिल्ला प्रमाणित प्रति सिफारिस | २०० |
| ८ | अंग्रेजी भाषामा गरिने सिफारिस | २०० |
| ९ | अग्रेजी भाषामा गरिने नाता प्रमाणित | २०० |
| १० | आम्दानी प्रमाणित र धितो मुल्याङ्कन | |
| | क) ५ लाख सम्म | ५०० |
| | ख) १० लाख सम्म | १००० |
| | ग) १० लाख भन्दा माथी प्रति लाखमा | १०० थप |
| ११ | घर पसल बन्द कोठा खुलाउने मुचुल्का | ५०० |
| १२ | मुद्धा मामिला दर्ता | १०० |
| १३ | मुद्धा मामिला मिलापत्र दस्तुर | ५०० |
| १४ | व्यक्तिगत घटना दर्ताको  विलम्ब शुल्क | २०० |
| १५ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | ५०० |
| १६ | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | २०० |

| | | |
|---|---|---|
| १७ | प्राविधिक शिक्षालय खोल्ने सिफारिस | ३००० |
| १८ | जग्गा दर्ता सिफारिस ५ रोपनी सम्म | ५०० |
| १९ | जग्गा दर्ता सिफारिस ५ रोपनी माथी | १००० |
| २० | विद्युत जोड्ने सिफारिस | १०० |
| २१ | धारा जोड्ने सिफारिस | १०० |
| २२ | रेखाङ्कन लगायतका अन्य कार्यको सर्जमिन प्रति सर्जमिन | ५०० |
| २३ | व्यवसाय नामासारी | ५०० |
| २४ | व्यवसाय संचालनमा नभएको व्यहोराको सिफरिस | १०० |
| २५ | साधारण सिफारिस | १०० |
| २६ | अन्य प्रतिलिपी सिफारिस | २०० |
| २७ | कुकाठ काटानी सिफारिस २० वोट सम्म | २००० |
| २८ | क) सो भन्दा माथी प्रति वोट | १५० |
| २९ | वैदेशिक पेन्सन सिफारिस | २०० |
| ३० | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी दस्तुर | १०० |
| ३१ | 'घ' वर्गको निर्माण व्यवसायको इजाजतपत्रको प्रतिलिपी दस्तुर | ५०० |
| ३१ | सहकारी संस्थाको आवद्धता शुल्क | ५०० |

**विद्यालय खोल्ने र कक्षा थप सम्वन्धी अनुमती**

| क्र.सं. | विवरण | दस्तुर रु. |
|---|---|---|
| १ | आधारभुत तह | २००० |
| २ | मा.वि. | ३००० |

## घरकर

| क्र.सं. | विवरण | कर रु. |
|---|---|---|
| १ | टिनको छानो | ३० |
| २ | पक्की ढलान आर.सि.सि.१ तले | १०० |
| ३ | पक्की ढलान आर.सि.सि.२ तले | १५० |
| ४ | पक्की ढलान आर.सि.सि.३ तले | २२० |
| ५ | पक्की ढलान आर.सि.सि.४ तले | २५० |
| ६ | पक्की ढलान आर.सि.सि.४ तला माथी प्रति तला | १०० |

## घर नक्सा पास तर्फ

| क्र.सं. | विवरण | कर रु.मा |
|---|---|---|
| १ | गोरेटो वाटो घर नक्सा पास प्रति वर्ग फुट (R.C.C) | ३ |
| २ | कच्ची मोटर वाटो प्रति वर्ग फुट (R.C.C) | ५ |
| ३ | पक्की मोटर वाटो (हाइवे समेत) प्रति वर्ग फुट (R.C.C) | ६ |

## विज्ञापन कर

| क्र.सं. | होडिङ्ग वोर्डको साईज | दस्तुर रु. |
|---|---|---|
| १. | ४'x६' को साईज | १,००० |
| २. | सो भन्दा वढी साईज भएमा | २,००० |

## ढुङ्गा, गिट्टी, वालुवा तर्फ रोयल्टी कर

| क्र.सं. | विवरण | कर रकम रु. |
|---|---|---|
| १ | प्रति टयाक्टर | ५०० |
| २ | प्रति मिनि ट्रक | १२५० |
| ३. | प्रति ट्रिपर/ट्रक | १८५० |

## च) आगामी आ.व.को लागि अनुमानित कर तथा गैर कर राजस्व रकम
## प्रस्तावित आन्तरिक आम्दानी विवरण

प्रस्तावित आन्तरिक आम्दानी विवरण

| क.सं. | शिर्षक | चालू आ.ब.को अनुमानित आम्दानी | चालू आ.ब.को बैशाख मसान्त सम्मको यर्थात आम्दानी | आगामी आ.ब.को प्रस्तावित आम्दानी ( रु.हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १. | भूमिकर (मालपोत)/ घर कर | द्ठण | द्छछ | द्डण | |
| २. | व्यवसाय / उद्योग कर ( नविकरण) | ठद्ण | ठज्ञढ | ठद्ण | |
| ३. | व्यवसाय / उद्योग रजिष्ट्रेसन दस्तुर | ण | छघछ | ज्ञज्ञण | नयाँ थप शिर्षक |
| ४. | विज्ञापन कर | द् | ण | द् | |
| ५. | मनोरन्जन कर | ज्ञ | ण | ज्ञ | |
| ६. | घर, जग्गा वहाल कर | ज्ञछण | घद्ण | द्छण | |
| ७. | सम्पत्ति वहाल कर | छण | टठ | ठण | |
| ८. | अन्य वहाल कर | ज्ञण | ण | ज्ञण | |
| ९. | कवाडी कर | द्णण | छण | ज्ञणण | |
| १०. | घाट गद्दी, दाउरा दहत्तर वहत्तर रोयल्टी | द्छछ | द्धठछ | ठणण | |
| ११. | ढुङ्गा, गिट्टी, वालुवा रोयल्टी | छणणण | घटढढ | छणणण | |
| १२. | वनपैदावार विक्री वितरणवाट प्राप्त रोयल्टी | ज्ञड | ण | ज्ञण | |
| १३. | घर नक्शा पास शुल्क | छण | घद् | द्धण | |
| १४. | सिफारिस, सेवा, शुल्क दस्तुर | द्छण | टढज्ञ | टणण | |
| १५. | व्यक्तिगत घटना दर्ता दस्तुर ( पन्जिकरण) | | | ज्ञणण | सिफारिस शिर्षकमा रहेकोमा छुट्याइएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| १६. | नाता प्रमाणित दस्तुर | | | ज्ञणण | सिफारिस शिर्षकमा रहेकोमा छुट्याइएको । |
| १७. | परिक्षा शुल्क | | | ज्ञण | नयाँ थप |
| १८. | पार्किङ शुल्क | | | ज्ञ | नयाँ थप |
| १९. | न्यायिक दस्तुर | | | घ | नयाँ थप |
| २०. | न्यायिक दण्ड जरिवाना र जफत | | | छ | नयाँ थप |
| २१. | शिक्षाक्षेत्रको आम्दानी | द्द | ण | द्द | विद्यालय खोल्ने शिर्षक भएकोमा परिवर्तन गरिएको |
| २२. | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | द्दण्ण | ण | द्दण्ण | |
| २३ | हाटवजार, मेला, प्रद्धर्शनी संचालन आम्दानी | ज्ञज्ञडछ | ण | छण्ण | |
| २४ | अन्य कर | द्द | द्धढठ | द्दछ | |
| २५ | अन्य दस्तुर | | | द्दछ | अन्य कर दस्तुर एकै ठाउँमा भएकोमा छुट्याइएको |
| २६ | डोजर सूचिकृत दस्तुर | ठण | ज्ञज्ञण | ज्ञणण | |
| २७ | प्रशासनिक दण्ड जरिवाना | ज्ञण | ण | ज्ञण | |
| २८ | सवारी साधन (तिन पाङ्ग्रे अटो रिक्सा) | छ | घ | छ | |
| २९ | अन्य राजश्व | छण | डघ | डण | अन्य कर भएकोमा अन्य राजश्व बनाएको |
| ३० | बहाल विटौरी कर | | | ज्ञ | नयाँ थप |
| | जम्मा | डछण्ण | ठछघट | ढण्टण | |

## दण्ड जरिवाना सम्बन्धी व्यवस्था

१) व्यवसाय नविकरण आ.व. शुरु भएको मितिले ३ महिना भित्र गरि सक्नुपर्ने छ ।

२) उक्त अवधी भित्र नविकरण नगरेमा पौष मसान्त सम्म थप १५ प्रतिशत र असार मसान्त सम्म थप २५ प्रतिशत जरिवाना तिरी नविकरण गर्न सकिनेछ ।

३) एक आ.व.मा नविकरण नगरेमा अर्को वर्ष दोव्वर दस्तुर जरिवाना लाग्नेछ । र दोस्रो वर्ष पनि नविकरण नगरेमा दोव्वर दस्तुर जरिवाना लिई नेपाल सरकारको कानुन वमोजिम पसल/व्यवसाय वन्द गराउने प्रक्रिया शुरु गरिनेछ ।

४) सिंचाई सुविधा भएको खेतीयोग्य जमिन बाँझो राखेमा त्यसरी बाँझो रहेको जमिनको

प्रति रोपनी रु. १००/- (अक्षरुपी एक सय) का दरले जरिवाना लगाइने छ ।

५) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि कोभिड-१९ को कारण लकडाउनमा परी कर, दस्तुर बुझाउन नपाएका करदाता वा व्यवसायीहरुले बक्यौता रकम सहित २०७८ असोज मसान्त सम्ममा बुझाउनुपर्ने कर, शुल्क, दस्तुर बुझाएमा थप जरिवाना वा शुल्क लाग्ने छैन ।

छ) निष्कर्ष तथा सुझावहरु

<u>निष्कर्ष</u> :

राजस्व संकलनमा मुख्यतया कर राजस्व र गैर राजस्व पर्दछन् । कर संकलन गर्दा स्थानीय तहले सबै प्रकारको कर लिन सक्दैनन् । नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकार क्षेत्रभित्रको आर्थिक अधिकारको अधिनमा र संविधान बमोजिम तर्जुमा गरिएको स्थानीय सरकार संचालन ऐनद्वारा प्रदत्त आर्थिक अधिकारका आधारमा मात्र सालबसाली आर्थिक ऐन बनाई स्थानीय तहले कर लगाउन र उठाउन सक्दछन् । अतः उपर्युल्लिखित करका आधारहरुको उपयोग गर्दै गाउँपालिकालाई आर्थिक रुपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले करका दरहरु निर्धारण गर्नु आवश्यक देखिन्छ ।

<u>सुधारका लागि केही सुझावहरु</u> :

- कर असुलीमा हुन सक्ने अनियमिततालाई नियन्त्रण गर्न कम्प्युटर विलिङ्ग प्रणालीको प्रयोग गर्ने ।
- कर्मचारीहरुलाई राजश्व परिचालन सम्बन्धी क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने ।
- कर संकलनलाई सेवा प्रवाहसँग आबद्ध गर्दै राजस्व सुधार कार्ययोजना (Revenue Enhancement Plan) तर्जुमा गरी लागू गर्ने ।
- आम नागरिकलाई कर तिर्ने बानीको विकास गर्न गाउँपालिकाको समृद्धिका लागि करको महत्व विषयक सचेतनामूलक कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने ।
- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको आर्थिक अधिकारको अधिनमा रही गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सबै प्रकारका कर तथा गैर करको संभाव्यताको अध्ययन र विश्लेषण गरी क्रमश करको दायरा व्यापक बनाउँदै लैजाने ।
- सबै वडा कार्यालयमा सम्पत्ति कर लागू गर्ने र सूचना प्रविधिको प्रयोग गरी व्यवस्थित बनाउने ।
- राजश्व संकलनलाई प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिलाई थप क्रियाशिल बनाउने ।
- गाउँपालिका भित्र संकलित सबै राजश्वलाई एकिकृत गरी मासिक एकीकृत राजश्व संकलनको विवरण तयार गर्ने ।
- गाउँपालिका भित्रका ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरुलाई करको दायरामा ल्याउने । सोको लागि समयमा नै बोलपत्र आव्हान गर्ने ।
- कर संकलनलाई अझ प्रभावकारी बनाउन र बक्यौता रकम असुल गर्न प्रचारप्रसारलाई बढाउनुपर्ने देखिन्छ ।
- उद्योग वाणिज्य संघ, व्यापार संघ जस्ता संघसंस्थाहरुको समन्वयमा करदाताहरुसँग समयसमयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्नुपर्ने आवश्यकता महसुस भएको छ ।

संयोजक श्री लक्ष्मीदेवी पन्थ (गाउँपालिका उपाध्यक्ष)
सदस्य श्री छत्र बहादुर अधिकारी (नि.प्रमुख प्रशासकीय अधिकृत)
सदस्य श्री रामलाल वि.क.(वडा अध्यक्ष, १ नं. वडा कार्यालय)
सदस्य श्री अञ्जु कंडेल के.सी. (कार्यपालिका सदस्य)
सदस्य श्री तोयनारायण ज्ञवाली (उद्योग वाणिज्य संघ, प्रतिनिधि)
सदस्य सचिव श्री मनिष पाण्डे (लेखा अधिकृत)
स्थानीय राजश्व परामर्श समिति
रुरुक्षेत्र गाउँपालिका, गुल्मी ।
मिति : २०७८/०२/२१